आज मिति २०८२ जेठ ०९ गते शुक्रबारको दिन बिहान ९.०० बजे यस परिवर्तन गाउँपालिकामा दोस्रो कार्यकालको लागि निर्वाचित भई आए पश्चात गाउँकार्यपालिकाको ४८ औ बैठक गाउँपालिकाको अध्यक्ष श्री सुक बहादुर बुढामगर ज्यूको अध्यक्षतामा कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा वर्षा तपशिलको प्रस्तावहरु माथि छलफल गरी देहायका निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | पदाअधिकारीहरुको नाम | पद | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री सुक बहादुर बुढामगर | गा.पा अध्यक्ष | अध्यक्ष | |
| २ | श्री कलादेवी खत्रिनी | गा.पा उपाध्यक्ष | सदस्य | |
| ३ | श्री मैते बुढामगर | १नं वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री हरिप्रसाद बुढामगर | २नं वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री खिम विक्रम चन्द | ३नं वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री मानसिं बुढा | ४नं वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री दिल बहादुर वली | ५नं वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री भरत कुमार बुढा | ६नं वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री उन्सिपा वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| १० | श्री जुनो कुमारी बुढामगर | कार्यपालिका सदस्य | सदस्य | |
| ११ | श्री फमिला महर | कार्यपालिका सदस्य | सदस्य | |
| १२ | श्री मोहबिर वि.क | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री थमे कामी | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री प्रेम जि.एम. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

आमन्त्रित

- श्री ललित कुमार बुढामगर-सहायक पाचौ
- श्री ध्रुव राज न्यौपाने -~~सहायक पाचौ~~- लेखा
- श्री नोखिराम डाँगी-का.स

**मिति २०८२/०२/०९ गते बसेका ४८ औ कार्यपालिका बैठकका निर्णयहरु :**

**प्रस्तावहरू:**

१ नगर प्रहरीको सेवा सुविधा सम्बन्धमा,

२ स्थानीय पूर्वाधार सहयोग कार्यक्रम -LISP। योजना सञ्चालन सम्बन्धमा,

३ गाउँ शिक्षा अभिभावक योजना स्वीकृत सम्बन्धमा,

४ राष्ट्रिय खेलमा गोल्ड मेडल जित्न सफल खेलाडीलाई अध्ययन छात्रवृत्ति सम्बन्धमा,

निर्णय नं. -१

यस परिवर्तन गाउँपालिका नगर प्रहरी सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को परिच्छेद-२ बमोजिम नगर प्रहरी पदपुर्तिद्वारा छनौट गरि सकेकोले नगर प्रहरीलाई देहाय बमोजिमको सेवा सुविधा उपलब्ध गर्ने निर्णय गरियो ।

१.नगर प्रहरी सहायक प्रहरी निरीक्षक मासिक रुपमा रु २६,०००।

२.नगर प्रहरी प्रहरी जवान मासिक रुपमा रु २०,०००।

३.पोशाक वार्षिक रुपमा रु १०,०००।

निर्णय नं. -२

कोल्ड रुम निर्माण का लागि प्रारम्भमा कुल बजेट रू. ९१,३६,००० (अक्षरेपी एकानब्बे लाख छतीस हजार)

विनियोजन गरिएको थियो. जसमा गाउँपालिकाबाट रू. ३०,००,००० (तीस लाख) र स्थानीय पूर्वाधार

सहयोग कार्यक्रमबाट रू. ६१,३६,००० (एकसठ्ठी लाख छतीस हजार) रहेको छ।

योजनाको स्थलगत सर्भे र लागत अनुमान पश्चात उक्त योजनाको कुल लागत लगभग रू. १,७०,०१,८२५

(अक्षरेपी एक करोड सत्तरी लाख एक हजार आठसय पच्चीस) हुने देखिएको हुँदा र सोही लागत अनुमानलाई

आधार मानी खरिद प्रक्रिया अगाडि बढाउने हेतुले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कार्यविधी २०८१ मा

रहेको परिच्छेद ३ को योजना छनोट बजेट तर्जुमा तथा कार्यान्वयन अनुसारको बुदा ८ को ङ बमोजिम सो

योजना क्रमागत योजनाको रूपमा स्वीकृत गरी आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरी अघि बढाइने निर्णय

गरियो।

योजना सम्पन्न गर्न आवश्यक बाँकी बजेट स्थानीय पूर्वाधार सहयोग कार्यक्रमअन्तर्गत आगामी आर्थिक वर्षको

बजेटबाट व्यवस्थापन गर्ने निर्णय गरियो। उक्त कार्यक्रमबाट बजेट उपलब्ध नभएमा गाउँपालिकाको आन्तरिक

स्रोतबाट आवश्यक बजेट व्यवस्थापन गरी योजना सम्पन्न गर्ने निर्णय समेत गरियो।

निर्णय न २ (८ चैत २०८१)

राङसी स्किम नं. १ (खा पा) योजना निर्माण तथा मर्मत कार्यका लागि प्रारम्भमा जम्मा रु. २५,००,०००

(अक्षरूपी पच्चीस लाख रूपैयाँ) बजेट विनियोजन गरिएको थियो, जसअन्तर्गत गाउँपालिकाबाट रु.

१०,००,००० (अक्षरूपी दश लाख रूपैयाँ) तथा स्थानीय पूर्वाधार सहयोग कार्यक्रमवाट रु. १५,००,०००

९अक्षरूपी पन्ध्र लाख रूपैयाँ) रहने व्यवस्था गरिएको थियो ।

योजनाको स्थलगत सर्भेक्षण तथा लागत अनुमान पश्चात उक्त योजनाको कुल लागत अनुमानित रूपमा रु.

४८,५७,८९७।४४ (अक्षरूपी अठचालिस लाख सन्ताउन्न हजार आठसय सन्तानब्बे रूपैयाँ चौवालिस पैसा)

रहेको हुँदा, सोही लागत अनुमानलाई आधार मानी आवश्यक खरिद प्रक्रिया अघि बढाउने प्रयोजनका लागि

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कार्यविधि, २०८१ को परिच्छेद-३ अन्तर्गत रहेको योजना छनोट, बजेट

तर्जुमा तथा कार्यान्वयन' सम्बन्धी बुँदा ८ (ङ) बमोजिम उक्त योजनालाई क्रमागत योजनाको रूपमा स्वीकृत

गरी आगामी आर्थिक वर्षभित्र सम्पन्न हुने गरी अगाडि बढाउने निर्णय गरियो

योजना सम्पन्न गर्न आवश्यक बाँकी बजेट स्थानीय पूर्वाधार सहयोग कार्यक्रमअन्तर्गत आगामी आर्थिक वर्षको

बजेटवाट व्यवस्थापन गर्ने निर्णय गरियो। उक्त कार्यक्रमबाट वजेट उपलब्ध नभएमा गाउँपालिकाको आन्तरिक

स्रोतवाट आवश्यक बजेट व्यवस्थापन गरी योजना सम्पन्न गर्ने निर्णय समेत गरियो।

निर्णय न -३

डॉडॉगाउँ-मालामारे-पुतलाचौर-मौलाबोट-जुमाराडसी सडक आयोजना (डॉडॉगाउँदेखि पुतलाचौर खण्ड) का

लागि कुल रु २ करोड बजेट विनियोजन गरिएको थियो। उक्त बजेटमध्ये रु १ करोड २० लाख गाउँपालिकाबाट

र रु ८० लाख स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (।क्ष्ए० बाट सहलगानी स्वरूप छुट्याइएको थियो।

वोलपत्र आह्वान गर्दा निर्माण कम्पनीले रु १,१५,५९,१०२।०० मा काम गर्ने प्रस्ताव गरेकोले र सम्झौता पनि

सोही बमोजिम भएकोले, बचेको रकमबाट उक्त आयोजनाको अर्को खण्ड (पुतलाचौरदेखि मौलाबोट) मा सुरुमै

तय गरिएको सहलगानी कै अनुपातको आधारमा काम अघि वढाउने निर्णय गरिएको हो।

सोही निर्णयअनुसार, पुतलाचौरदेखि मौलाबोट खण्डका लागि कुल लागतअनुसार ६० प्रतिशत

गाउँपालिकाबाट रु ३९,७८,३१९।९० र ४० प्रतिशत स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (।क्ष्ए० बाट रु

२६,५२,२१३।२७ छुट्याई योजना कार्यान्वयन गर्ने निर्णय गरिएको छ।

निर्णय नं. -४

निर्णय नं. -४

यस परिवर्तन गाउँपालिकाको गाउँ शिक्षा अर्धावधिक योजना २०८१।०८२ - २०८५।०८६ निर्माण भई सकेकोले स्वीकृति गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. -५

यस परिवर्तन गाउँपालिका अन्तरगतबाट खेलकुद विधामा राष्ट्रिय खेलमा छनौट भई खेलकुद प्रतियोगिता पदक प्राप्त गर्ने खेलाडीहरुलाई सम्मानको लागि अध्ययन गर्दा १ वर्ष सम्मको अध्ययन शुल्क बापतको बिल अनुसार छात्रावृत्ति उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. -६

यस परिवर्तन गाउँपालिका पशु सेवा शाखा गोल्पाको आ.व.२०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशुपन्छि तत्थ्याङ्क संकलन कार्यक्रम रु १,५०,०००। अक्षरुपी एकलाख पचास हजार रुपैया बजेट विनियोजन भएकोले उक्त कार्यक्रम अन्तरगत पशुपन्छि तत्थ्याङ्क कार्यमा खटिने प्राविधिकहरुलाई प्रतिदिन पशुपन्छि तत्थ्याङ्क संकलन गरे बापत कर सहित रु ४००। अक्षरुपी चार सय रुपैया । यातायात खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. -७

यस परिवर्तन गाउँपालिका खेलकुद विकास समितिले आयोजना गरेको तेस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पनि खेलकूदको सबै विधाको अंक गणना गर्दा प्रथम स्थान हासिल गर्ने श्री जनसेवा नमुना माध्यमिक विद्यालय परिवर्तन २ राङसीले लगातार ३ पटक सम्म राष्ट्रपति रनिङ शिल्ड हासिल गरेकाले प्रोत्साहन तथा सम्मान बापत रु ३,००,०००। अक्षरुपी तीन लाख रुपैया उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner